"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

प्रदेश सरकार

# वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय

प्रदेश नं.१

विराटनगर (नेपाल)

पत्र संख्या :

चलानी नं. :

मिति:-२०७९/०९/१८

**चौथो, पाँचौं र सातौं तहका कर्मचारीको तह बृद्धिका लागि निवेदन माग गरिएको सूचना ।**

डा. सन्जीव कुमार राई
प्रदेश सचिव

प्रस्तुत विषयमा प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ३० को प्रयोजनका लागि प्रदेशमा समायोजन भएका र समान तह वा पदमा नियुक्ती पाएको मितिले पाँच बर्ष अवधि पूरा भएका चौथो, पाँचौं र सातौं तहका कर्मचारीले तह बृद्धि गर्न चाहेमा देहायका कागजातहरु सहित मिति २०७९ साल पौष २४ गते भित्रमा यस मन्त्रालयमा निवेदन दिनुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

देहायः

१. सक्कलै निवेदन (पछिल्लो तीन बर्षको कार्य सम्पादन मूल्याङ्कन फारम बुझाएको निकाय समेत उल्लेख हुनु पर्ने)

२. नियुक्ती पत्रको प्रतिलिपी,

३. प्रदेशमा समायोजन भएको पत्रको प्रतिलिपी,

४. तह बृद्धि सम्वन्धी निर्देशिका, २०७९ को दफा ६ बमोजिमको अवस्था नरहेको र सेवा अवधी पूरा भएको भनी सम्वन्धित कार्यालयले गरेको सिफारिस पत्र,

५. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी (छैटौं तहमा तह बृद्धिका लागि सेवा समूहसँग सम्वन्धित विषयमा कम्तिमा प्रमाणपत्र तह वा १२ कक्षा उत्तीर्ण र आठौं तहमा तह बृद्धिका लागि सेवा समूहसँग सम्वन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण)

पुनश्चः (१) माथी उल्लेखित समय सिमा भित्र मन्त्रालयमा रीतपूर्वक दर्ता नभएका निवेदन उपर कुनै कारवाही गरिने छैन ।

(२) सम्वन्धित कर्मचारीले प्रतिलिपीहरु आफैले प्रमाणित गरेको हुनु पर्नेछ ।

(३) तह बृद्धि भएका कर्मचारीले माथिल्लो तहको तलब भत्ता मन्त्रालयले तह बृद्धिका लागि निर्णय गरेको मितिबाट मात्र प्राप्त गर्नेछन् ।